# अन्तर्राष्ट्रिय फौजदारी अदालत गठनको अनुमोदन गर्न आग्रह

● **विकास भट्टराई**
काठमाडौं

आतंककारी घोषित माओवादीहरूले नेपालमा हत्या हिंसाको शृङ्खला थपिरहेको अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापना गर्नका लागि पहल गरिरहेको अन्तर्राष्ट्रिय संस्थाका प्रतिनिधिहरूले सरकार तथा विभिन्न पार्टीका नेताहरूसँग भेट गरी सो अदालत गठनका लागि अनुमोदन गर्न अनुरोध गरेका छन् ।

संयुक्त राष्ट्रसंघसँग एकीकृतरूपमा काम गरिरहेको कोलिसन फर इन्टरनेसनल क्रिमिनल कोर्टका प्रतिनिधिहरूले अन्तर्राष्ट्रिय फौजदारी अदालत गठनका लागि समर्थन जुटाउन विभिन्न देशको भ्रमण गर्ने क्रममा नेपाल आइपुगेपछि मंगलबार सरकार र पार्टीका प्रतिनिधिहरूसँग सो विषयमा कुराकानी गरेको बुझिएको छ ।

प्रतिनिधिमण्डलले हिजो मंगलवार सरकारका तर्फबाट प्रतिनिधित्व गर्नुभएका बिना विभागीय मन्त्री ऋषिकेश गौतम, नेपाली कांग्रेसका प्रतिनिधि, प्रमुख प्रतिपक्षी दलका नेता माधवकुमार नेपाल, मानवअधिकार आयोगका प्रतिनिधिहरूसँग भेट गरी अन्तर्राष्ट्रिय फौजदारी अदालत गठन गर्नका लागि नेपालले प्रस्तावलाई अनुमोदन गर्न आग्रह गरेका थिए ।

मुलुकमा हत्या, हिंसाका अपराधहरू भइरहेको अवस्थामा अन्तर्राष्ट्रिय फौजदारी अदालत स्थापनाका लागि अनुमोदन गर्न अनुरोध गर्दै अन्तर्राष्ट्रिय प्रतिनिधि नेपाल आउनुलाई सबै पक्षबाट सकारात्मकरूपमा हेरिएको छ ।

बिना विभागीय मन्त्री ऋषिकेश गौतम, नेपाली कांग्रेस पार्टीबाट प्रतिनिधित्व गर्नुभएका पार्टीका महामन्त्री सुशील कोइराला, अर्जुननरसिंह केसी, प्रमुख प्रतिपक्षी दलका नेता नेपाल र राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधिहरूले मुलुकको वर्तमान अवस्थामा नेपालले पनि सो अदालत गठन गर्नका लागि अनुमोदन गर्नुपर्ने धारणा व्यक्त गरेको पनि बुझिएको छ ।

सो अदालत गठन भएमा नरसंहार, मानवका विरुद्ध अपराध र युद्ध अपराधमा आरोप लागेका व्यक्तिलाई पनि त्यसमा मुद्दा चलाइन सकिने भएकाले अहिलेको अवस्थामा नेपालले पनि त्यसका पक्षमा चाँडै अनुमोदन गर्नुपर्ने खाँचो औंल्याइएको छ ।

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुशील प्याकुरेलले नेपाल भ्रमणमा आएका प्रतिनिधिमण्डललाई भेटघाटको क्रममा आयोग त्यसको पक्षमा रहेको जानकारी दिइएको बताउनुभयो ।

उहाँले नेपाल समाचारपत्रसँग प्रतिनिधिमण्डलसँग आयोगको अन्तर्राष्ट्रिय फौजदारी अदालत गठनको सम्बन्धमा विस्तृतरूपमा छलफल भएको बताउनुभयो ।

त्यस्तै आयोगले सो अदालत गठनका लागि सरकारलाई अनुमोदन गर्न दबाब दिने वचन प्रतिनिधिमण्डललाई दिएको बताइन्छ ।

यसैगरी नेपाली कांग्रेसबाट प्रतिनिधिका रूपमा खटिनुभएका महामन्त्री कोइराला र प्रवक्ता केसीले कानुनविद्हरू राखेर अन्तर्राष्ट्रिय प्रतिनिधिमण्डलसँग कुराकानी गर्नुभएको थियो । कुराकानीका क्रममा सामेल भएका कानुनविद्हरूमा यज्ञमूर्ति बन्जाडे, ललित बस्नेत र गान्धी पण्डित थिए ।

महामन्त्री कोइरालाले पनि अन्तर्राष्ट्रिय फौजदारी अदालत गठन गर्नका लागि अनुमोदन गर्न पार्टीले सरकारलाई दबाब दिने प्रतिनिधिमण्डललाई वचन दिनुभएको थाहा भएको छ ।

सहभागी कानुनविद् बस्नेतका अनुसार महामन्त्री कोइरालाले अन्तर्राष्ट्रिय फौजदारी अदालत गठनको सम्बन्धमा पार्टीमा पनि छलफल गरिने र त्यसमा सकारात्मक सोचाइ राख्न सरकारलाई दबाब दिने बताउनुभएको थियो ।

त्यस्तै बिना विभागीय मन्त्री गौतम र नेकपा (एमाले) का महासचिव नेपालले पनि आफूहरू सो अदालत गठनका सम्बन्धमा सकारात्मक सोचाइ राखी सम्बन्धित ठाउँमा दबाब दिने अन्तर्राष्ट्रिय प्रतिनिधिमण्डललाई वचन दिनुभएको बुझिएको छ ।

दोस्रो विश्वयुद्धपछि युद्धबन्दीलाई बर्बरतापूर्वक अत्याचार गर्ने तत्कालीन नाजीहरूलाई कारबाही गर्नसक्ने उच्चस्तरको न्यायिक अदालतको स्थापना गर्नुपर्ने महसुस गरिएको भए पनि औपचारिकरूपमा सन् १९९८ देखि त्यसका लागि पहल शुरु गरिएको थियो ।

सो अदालत गठनका लागि ६० राष्ट्रले अनुमोदन गर्नुपर्नेमा हाल त्यसको संख्या ६६ पुगिसकेको बताइन्छ । केही दिनपछि त्यसको औपचारिकरूपमा गठन भएको घोषणा गरिने पनि बताइन्छ ।

सो अन्तर्राष्ट्रिय प्रतिनिधिमण्डलमा चारजना रहेका र उनीहरूले नेपालपछि बंगलादेश, कोरिया र जापानको भ्रमण गर्ने जनाइएको छ ।